# पूर्वाञ्चल विश्वविद्यालय
## चिकित्साशास्त्र संकाय
### गोठगाउँ, मोरङ


च.नं.

मिति: २०८१/०७/०९

## भर्ना सम्बन्धी अत्यन्त जरूरी सूचना

चिकित्सा शिक्षा आयोगले मिति २०८१/०७/०८ गते प्रकाशित गरेको चिकित्सा शिक्षा स्नातक तहको छात्रवृत्ति तर्फको पहिलो चरणको म्याचिङ (Matching) तथा विद्यार्थी भर्ना सम्बन्धी सूचना अनुसार पूर्वाञ्चल विश्वविद्यालयको आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पस/कलेजहरूमा छात्रवृत्ति कोटाको सुची भित्र नाम रहेका विद्यार्थीहरूलाई मिति २०८१/०७/१४ गते भित्र पू.वि. चिकित्साशास्त्र संकाय, गोठगाउँ, मोरङ्गमा **स्वयम् उपस्थित** भई भर्ना हुन यो सूचना प्रकाशित गरिन्छ ।

**स्थानः पूर्वाञ्चल विश्वविद्यालय, चिकित्साशास्त्र संकाय, सुन्दरहरैंचा न.पा., गोठगाउँ, मोरङ्ग ।**

**भर्ना सम्बन्धी मिति र समय तालिका :**

| मिति | समय |
|---|---|
| २०८१/०७/०९ | बिहान १० बजे देखि ५:०० बजे सम्म |
| २०८१/०७/१० | बिहान ८ बजे देखि ५:०० बजे सम्म |
| २०८१/०७/११ | बिहान ८ बजे देखि ५:०० बजे सम्म |
| २०८१/०७/१२ | बिहान ८ बजे देखि ५:०० बजे सम्म |
| २०८१/०७/१३ | बिहान ८ बजे देखि ५:०० बजे सम्म |
| २०८१/०७/१४ | बिहान ८ बजे देखि ५:०० बजे सम्म |

**भर्ना सम्बन्धी नियमहरूः**

१. चिकित्सा शिक्षा आयोगको एकीकृत प्रवेश परीक्षाबाट योग्यताक्रम निर्धारण पश्चात म्याचिङ (Matching) भई भर्नाको अवसर प्राप्त गर्ने उम्मेदवारहरूले भर्ना हुँदा दरखास्त फारमका साथ पेश गरेका सम्बन्धित कागजातका सक्कल र प्रमाणित प्रतिलिपि अनिवार्य पेश गर्नुपर्ने छ ।

२. भर्ना हुने विद्यार्थीले चिकित्सा शिक्षा आयोग र पूर्वाञ्चल विश्वविद्यालयको आचार संहिता र नियमावली पालना गर्नुपर्ने छ ।

३. राष्ट्रिय चिकित्सा शिक्षा नियमावली २०७७ (दोस्रो संशोधन सहित) को नियम २२ उपनियम (१) सँग सम्बन्धित कबुलियतनामामा विद्यार्थी स्वयम्ले दस्तखत गर्नुपर्ने छ ।

**भर्ना हुँदा पेश गर्नुपर्ने कागजातहरूः**

- नागरिकताको प्रमाणपत्रको सक्कल तथा प्रतिलिपि ।
- हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो ।
- प्रवेशिका परीक्षा (एस.एल.सी./एस.ई.ई) को ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्रको सक्कल तथा प्रतिलिपि ।
- १०+२ वा सो सरहको ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र र (Provisional/Original Certificate), समकक्षताको सक्कल तथा प्रतिलिपि ।
- प्रवेशपत्रको सक्कल तथा प्रतिलिपि ।
- नियमानुसार लागुहुने अन्य कागजातहरू ।


फोन नं.: ०२१-४२५००९ फ्याक्स नं.: ९७७-२१-४२५००८, इमेल:medicaldean@purbuniv.edu.np, गोठगाउँ, मोरङ

च.नं.

मिति: ........................................

**नोटः**

- कक्षा संचालन सम्बन्धि सूचना पछि प्रकाशन गरिने छ ।
- शैक्षिक कार्यक्रमको सिट निर्धारण तथा Admission को नामावली सम्बन्धी विवरण mec.gov.np मा हेर्न सूचित गरिन्छ ।
- थप जानकारीका लागि ९८४२५४५५७७ अथवा ९८५२०२०४१३ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ ।

**संकाय रहेको स्थान हेर्नको लागि Scan गर्नुहोस**

डीन
चिकित्साशास्त्र संकाय